# धुर्कोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बर्बोट, गुल्मी

प.सं : ०८०/८१

च.नं: —

लुम्बिनी प्रदेश, नेपाल

मिति:२०८०/१०/२९

११४४ सिल्लाथ्व,३ सोमबार

**विषय: न्युनतम रोजगारमा संलग्न हुनका लागि निवेदन दिनेबारे सूचना ।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रोजगारको हकसम्वन्धी ऐन २०७५, रोजगारको हकसम्वन्धी नियमावली २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ (पहिलो संशोधन, २०७७ र दोस्रो संसोधन,२०७८) बमोजिम आ.व. २०८१/०८२ मा न्यूनतम रोजगारीमा भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिले मिति २०८० फागुन १ गतेदेखि फागुन मसान्तसम्म यस गाउँपालिकाभित्राद स्थायी बसोबास गरेको बडा कार्यालयमा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा वडा कार्यालय र यस गाउँपालिकाको वेवसाइट https://dhurkotmun.gov.np मा उपलब्ध रहेको छ । विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनका लागि न्युनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने भएकोले सोही बमोजिमका व्यक्तीहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ । साथै सूचिकरणको लागी निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ विवरण अनिवार्य भर्नु हुन अनुरोध छ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड:**

क) कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य

ख) बसोबासका लागि आफ्नै घर नभएको परिवारको सदस्य

ग) एकल महिला घरमुली भएको परिवारको सदस्य

घ) दलित अल्पसंख्यक वा लोपन्मुख समुदायको परिवारको सदस्य

ङ) वार्षिक न्युनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारको सदस्य

च) कोहि पनि सदस्यले न्युनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुने गरी स्वरोजगार नभएको परिवारको सदस्य

छ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य

ज) परिवारमा काम गर्ने उमेर (१८-५९) को वा काम गर्न सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको परिवारको सदस्य

झ) महिला बरोजगार व्यक्ति

ञ) अन्य बेरोजगार व्यक्ति

झानुराम पन्थी

प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध धुर्कोट, हाम्रो शान"

E-mail: dhurkotmun@gmail.com

Website:www. dhurkotmun.gov.np

# धुर्कोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी

प.सं : ०८०/८१
च.नं: —

लुम्बिनी प्रदेश, नेपाल

न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातः

१. निवेदनसहित परिवारमा भएका सम्पूर्ण सदस्यहरुको धुर्कोट गाउँपालिकाभित्र स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाण पत्रको स्पष्ट देखिने प्रतिलिपि । नागरिकतामा स्थायी बसोबास धुर्कोट गाउँपालिका नदेखिएमा बसाइसराई वा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि । नागरिकता नभएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

२. निवेदक वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा जान नपाएको व्यक्ति भएमा पासपोर्टको नंम्बर, विदेशबाट फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपि ।

३. पासपोर्ट साइजको फोटो १ प्रति ।

(पुनश्च वेरोजगार व्यक्तिले अनुसूची -१ बमोजिमको निवेदनमा वैयक्तिक तथा परिवारको सम्पूर्ण विवरणहरु ( व्यक्तिगत विवरण पारिवारिक विवरण, पेशाव्यवसाय तथा रोजगारीबाट हुने आय आम्दानी तथा सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी भए नभएको) अनिवार्य रुपमा भर्नु पर्नेछ । थप जानकारीका लागि धुर्कोट गाउँपालिका रोजगार सेवा केन्द्रको मोवाइल नं ९८४७२६०११,९८६६६५७५३५,९८४४३६७८८७ मा सम्पर्क गर्न सक्नु हुनेछ)

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत